# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १२० | काठमाडौं | सोमबार, ०४ भदौ २०८० | Prabhab National Daily | Monday, August 21, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**आँखा पाक्ने रोगका लक्षण**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिगरहने, कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने

यस्ता लक्षण आँखा पाक्ने रोगका हुन सक्छन् । यस्ता समस्या देखिए तत्काल चिकित्सकसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# लम्बिँदै संसद् अवरोध

■ प्रभाव संवाददाता

**काठमाडौं–** साउन १० गतेदेखि लगातार अवरुद्ध हुँदै आएको संघीय संसद्अन्तर्गत प्रतिनिधिसभाको बैठक आइतबार पनि बस्न सकेन । सुन तस्करी प्रकरणको छानबिन गर्न उच्चस्तरीय छानबिन समिति बनाउनुपर्ने मागसहित प्रमुख प्रतिपक्षी दल

- आइतबारको बैठक सूचना टासेर स्थगित
- सत्तापक्ष र प्रतिपक्ष आ-आफ्नो अडानमा कायमै
- संसद् अवरोध खुलाउने सभामुखको प्रयास निरर्थक
- प्रधानमन्त्रीको आह्वानमा बसेको सर्वदलीय बैठक पनि निष्कर्षविहीन
- राष्ट्रपतिले आह्वान गरे सर्वदलीय बैठक

नेकपा एमालेले संसद् अवरुद्ध गर्दै आएको हो । आइतबार १ बजेका लागि बोलाइएको प्रतिनिधिसभाको बैठक भदौ ५ गतेसम्मका लागि स्थगित गरिएको छ ।



संसद् अवरोधका सम्बन्धमा राष्ट्रिय मान्यताप्राप्त दलका नेताहरूसँग आइतबार सिंहदरबारमा छलफल गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल । *तस्बिरः रासस*

संघीय संसद् सचिवालयले अपराह्न ३ बजे बैठक स्थगित गरेको सूचना टाँसेको थियो । बैठक भदौ ५ गते दिउँसो ३ बजे बस्ने सूचनामा उल्लेख छ । प्रतिनिधिसभा नियमावली, २०७९ को नियम ६ को उपनियम (३) बमोजिम सभाको अर्को बैठक यही ५ गते मंगलबारसम्म सारिएको संसद्का महासचिवद्वारा जारी सूचनामा उल्लेख छ ।

### सभामुखको प्रयास निरर्थक

सभामुख देवराज घिमिरेले संसद् अवरोध खुलाउने उद्देश्यका साथ दलका प्रमुख सचेतकसँग छलफल गरे पनि सहमति जुट्न सकेन । सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा आइतबार बसेको बैठकमा सत्तापक्ष र प्रमुख प्रतिपक्षी दलका सचेतकले आ-आफ्नो अडान कायमै राखेपछि संसद् खोल्ने विषयमा सहमति जुट्न नसकेको हो । सभामुख घिमिरेले लगातार संसद् अवरुद्ध हुँदा सांसदप्रति आमजनतामा नकारात्मक सन्देश गएकाले सहमतिका लागि मान्यता प्राप्त दलका प्रमुख सचेतकलाई छलफलमा बोलाएका थिए । बैठकमा प्रमुख प्रतिपक्षी दलका सचेतकले संसद् अवरोधलाई थप सशक्त बनाउने र सत्तापक्षले पनि आफ्नो अडान कायमै राखेपछि बैठक निष्कर्षविहीन बनेको राष्ट्रिय स्वतन्त्र (बाँकी पृष्ठ २ मा)

# कमला मुर्मु तीन वर्षदेखि इराकमा 'बन्धक'



- ओमान लैजाने मानव तस्करले इराक पुऱ्याएको खुलासा
- इराकको कुन सहरमा बन्धक बनाइएको हो भन्ने अज्ञात
- 'भ्वाइस मेसेज'मार्फत एकतर्फीबाहेक सम्पर्कबाहिर
- उद्धार नभए गिरोहले मार्ने त्रासमा कमला
- छोरीलाई उद्धार गरिदिन आमा लखी मुर्मुको अपिल
- सरकारी निकायबाट भएन उद्धार प्रयास

**झापा–** अर्जुनधारा नगरपालिका-६ की ३० वर्षीया कमला मुर्मु इराकमा अज्ञात गिरोहको बन्धक बनेको जनाउँदै उनकी आमाले उद्धारका लागि अपिल गरेकी छन् । तीन वर्षअघि २०७७ भदौ १० गते वैदेशिक रोजगारीका क्रममा ओमान लाने भनेर कमलालाई मानव तस्करले इराक पुऱ्याएर बेचेको उनकी आमा लखी मुर्मुले जानकारी दिइन् । 'ओमान लाने भनेर इराक पुऱ्याएछन्,' पीडितकी आमा लखीले कमलाको फोटो देखाउँदै भनिन्, 'छ महिनासम्म कुनै सम्पर्क हुन सकेन । त्यसपछि भ्वाइस मेसेजमार्फत बेला-बेला एकोहोरो सम्पर्क हुँदा छोरीले मलाई बन्धक बनाइएको छ, उद्धार गर्नुपऱ्यो आमामात्र भनिरहेकी छन् ।'

तीन वर्षदेखि बन्धक अवस्थामा रहेको खुलासा भए पनि कमलाको उद्धारका लागि सरकारी निकायबाट कुनै प्रयास हुनसकेको छैन । दोहोरो सम्पर्क हुन नसकेका कारण कमलालाई इराकको कुन सहरमा बन्धक बनाइएको हो भन्नेबारेमा प्रस्ट हुन सकेको छैन ।

कमलाकी आठ वर्षकी छोरी काजल मुर्मुको लालनपालन हजुरआमा लखीले नै गरिरहेकी छन् । काजल स्थानीय ग्लोबल भिजन स्कुलमा कक्षा ५ मा अध्ययनरत छिन् । भारतको गुजरातमा रहेका पतिले छाडेपछि कमला जीविकाका लागि वैदेशिक रोजगारीमा जान बाध्य भएकी हुन् ।

इटहरी बाँसबारीका गोविन्द कट्टेल र बिर्तामोड-१ का मदन खरेलले ओमानमा राम्रो रोजगारीमा लगाइदिने भन्दै कमलालाई इराक पुऱ्याएको परिवारको दाबी छ । इराकमा बन्धक बनाउने गिरोहले कमलासहित दर्जनौं महिलालाई घरेलु श्रममा लगाउने र त्यसबाट आर्जित नगद खोस्ने गरेको कमलाले भ्वाइस मेसेजमार्फत बताएकी छन् ।

'अर्काको घरमा मरुञ्जेल काममा लगाउँछन् र कमाएको पैसा पनि खोसिदोरहेछ,' छोरीको (बाँकी पृष्ठ २ मा)

# संकटमा मुख्यमन्त्री थापा

**काठमाडौं (प्रस)–** कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाको पद संकटमा परेको छ । आज विश्वासको मत लिने तयारीमा रहेका उनलाई प्रतिपक्षी दल नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्येष्ठ प्रदेशसभा सदस्यहरू अनुपस्थित हुने भएपछि संकट आइपरेको हो ।

एमाले र राप्रपाका नौ प्रदेशसभा सदस्यले आइतबार नै आजको संसद् बैठकमा



- आज प्रदेशसभामा विश्वासको मत लिने कार्यसूची
- एमाले र राप्रपाका नौ जना ज्येष्ठ प्रदेशसभा सदस्य अनुपस्थित हुने
- उपसभामुख सिर्जना दनुवारलाई अनुपस्थित गराउने एमालेको तयारी

उपस्थित हुन नसक्ने जानकारी प्रदेशसभा सचिवालयलाई दिएका हुन् । कोशी प्रदेशसभा सचिवालयका प्रवक्ता गौतमराज अमात्यका अनुसार एमालेका सांसदहरू रोहितबहादुर कार्की, मालतीकुमारी लिम्बू, रामप्रसाद महतो, तारादेवी ढकाल, खड्गबहादुर बस्नेत र ज्ञानेन्द्र सुवेदीले छुट्टाछुट्टै निवेदन दिई बैठकमा उपस्थित हुन नसक्ने बताएका हुन् । अमेरिकामा रहेका एमालेकै सांसद किशोरचन्द्र दुलालले पनि सोही जानकारी दिएका छन् ।

यसैगरी राप्रपाका अम्बरबहादुर विष्ट र गोपालबहादुर विश्वकर्माले सोमबारको प्रदेशसभा बैठकमा उपस्थित हुन नसक्ने भन्दै निवेदन दिएको प्रवक्ता अमात्यले बताए । उनीहरूले घरायसी जरुरी काम देखाउँदै उपस्थित हुन नसक्ने जानकारी दिएको बताइएको छ । (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# श्रमिक धेरै भएका मुलुकमा दूतावासको क्षमता बढाइने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा रहेका श्रमिकको सहजीकरणका लागि सम्बन्धित मुलुकमा रहेका नेपाली राजदूतावासहरूको क्षमता बढाउने भएको छ । सबैभन्दा बढी श्रमिक गएका मुलुकमा दूतावासबाट परिणामुखी काम हुन नसकेको भन्दै क्षमता बढाउन लागेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जानकारी दिएको छ ।

राजधानीमा आयोजित एक कार्यक्रममा सम्बन्धित मुलुकका दूतावासको क्षमता कमजोर भएकै कारण नेपाली श्रमिकले सास्ती पाइरहेको भन्दै प्राविधिक तयारीसहित कर्मचारी थप गर्न लागिएको श्रममन्त्री शरतसिंह भण्डारीले

> श्रम र श्रम सहचारी राखेको भरमामात्रै सेवा पाउन कठिन भएका कारण गन्तव्य मुलुकका स्थानीय भाषा बुझेका र श्रमिकहरूलाई सहजीकरण गर्न सक्ने कर्मचारीसहितको सुविधा यसै वर्षबाट सुरू हुनेछ ।



■ शरतसिंह भण्डारी
श्रममन्त्री

बताए । 'कर्मचारीको अभावका कारण समयमै हुनुपर्ने र पाउनुपर्ने सेवा नपाएका कारण श्रमिकहरू मर्कामा परेका छन्,' उनले भने, 'अब सरकारले धेरै श्रमिक रहेका मुलुकका दूतावासमा प्रविधि र कर्मचारी दुवै थपेर सेवा प्रवाहलाई छिटोछरितो बनाउनेछ ।'

यसै वर्षभित्र दूतावासको क्षमता अभिवृद्धि गर्ने तयारीका साथ सरकारले काम गरिरहेको उनले बताए । यसका लागि सम्बन्धित मुलुक हेर्ने ठूला दूतावासमा कम्तीमा २० जना कर्मचारी थपेर सेवा प्रवाह गरिने मन्त्री भण्डारीले बताए । 'श्रम र श्रम सहचारी राखेको भरमामात्रै सेवा पाउन कठिन भएका कारण गन्तव्य मुलुकका स्थानीय भाषा बुझेका र श्रमिकहरूलाई सहजीकरण गर्न सक्ने कर्मचारीसहितको सुविधा यसै वर्षबाट सुरु हुनेछ,' उनले भने ।

वैदेशिक रोजगारीका लागि गएका नेपाली श्रमिकहरूले एउटै काम गर्न पनि महिनौं कुनुपर्ने बाध्यता रहेको भन्दै विभिन्न माध्यमबाट गुनासो गर्ने गरेको मन्त्रालयले जनाएको छ । जनशक्ति अभावकै कारण सेवाग्राहीले समस्या समाधनका लागि दूतावासमा सम्पर्क गर्दा समयमै सेवा पाउन नसकेपछि सरकारले कर्मचारी थप गरी सहजीकरण गर्न लागेको बताइएको छ ।

# विभाग प्रवेश गर्न परिचयपत्र अनिवार्य

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले अनधिकृत व्यक्तिहरूको प्रवेशले कार्यसम्पादनमा असर परेको भन्दै विभाग प्रवेशका लागि साथमा परिचयपत्र अनिवार्य हुनुपर्ने जनाएको छ । पछिल्ला दिनहरूमा विभाग तथा वैदेशिक रोजगार कार्यालय ताहाचलमा सेवा लिन आउने सेवाग्राहीहरूको संख्या बढ्नुका साथै अनधिकृत व्यक्तिहरूको प्रवेशले सेवा प्रवाहमा कठिनाइ उत्पन्न भएको हुँदा परिचयपत्र अनिवार्य गरिएको विभागले उल्लेख गरेको छ ।

विभागले आइतबार एक सूचना जारी गर्दै विभाग/कार्यालयमा कार्यरत कर्मचारीले




सेवाग्राहीलाई सहज र सरल रूपमा सेवा प्रवाह गरिरहेको अवस्थामासमेत अनधिकृत व्यक्ति प्रवेश गरी कार्यसम्पादनमा कठिनाइ सिर्जना गरेको उल्लेख छ । विभागले अनावश्यक भीडभाडका कारण सेवा प्रवाह तथा सहजीकरण प्रभावित हुने हुँदा कामको सिलसिलामा प्रशासनिक भवनभित्र प्रवेश गर्ने सेवाग्राहीलाई आफ्नो परिचय खुल्ने कागजात साथमा लिएर आउन आग्रह गरेको छ । साथै प्रशासनिक कार्यका लागि विभागमा आउने म्यानपावर कम्पनीका सञ्चालक तथा प्रतिनिधिहरूलाई नेपाल वैदेशिक रोजगार व्यवसायी संघले जारी गरेको परिचयपत्र लगाएर मात्र प्रवेश गर्न पनि विभागले सूचित गरेको छ । विभागले यसअघि पनि अनावश्यक भीडभाड तथा अनधिकृत व्यक्तिहरूको प्रवेशले कार्यसम्पादनमा कठिनाइ परेको भन्दै विभाग प्रवेशमा परिचयपत्र अनिवार्य गरेको थियो । तर, फितलो कार्यान्वयन र सरोकारवालाहरूको विरोधले लागू हुन सकेको थिएन ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैँ निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।



- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।



- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।



- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।



- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।



- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।



- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।



**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौँ । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔँ ।**

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## संकटमा...

पृष्ठ १ बाट जारी

प्रतिपक्ष दलको यो कदम मुख्यमन्त्रीलाई विश्वासको मत पाउनबाट असफल बनाउनु हो । कोशी प्रदेशमा तत्कालीन सभामुख बाबुराम गौतमले राजीनामा दिएपछि उक्त पद रिक्त छ । उपसभामुखमा एमालेकी सिर्जना दनुवार छिन् । एमालेले उनलाई अनुपस्थित गराउने चर्चा चलिरहँदा एमाले र राप्रपाका ज्येष्ठ सदस्यहरू स्थगित हुने निवेदन प्रदेशसभामा दर्ता भएको हो ।सभामुख र उपसभामुख दुवै नहुँदा प्रदेशसभाका ज्येष्ठ सदस्यले बैठक सञ्चालन गर्नुपर्ने हुन्छ । सत्तापक्षको ज्येष्ठ सदस्यले बैठक सञ्चालन गर्दा मुख्यमन्त्री थापालाई विश्वासको मत पुग्दैन । त्यसैले प्रतिपक्षबाटै अध्यक्ष गराउने सत्तापक्षको दाउ छ । अर्कोतर्फ सत्तापक्षकै ज्येष्ठ सदस्यलाई बैठक सञ्चालन गराएर विश्वासको मत नपाउने वातावरण बनाउनेतर्फ प्रतिपक्षी दलहरू केन्द्रित भएका छन् ।

साउन १६ गते मुख्यमन्त्री नियुक्त भएका थापाले आज विश्वासको मत लिने कार्यसूची तोकिएको छ । विश्वासको मत पाउन नसके उनी पदच्युत हुनेछन् र ठूलो दलको हैसियतमा एमालेले सरकारको नेतृत्व गर्ने अवसर पाउनेछ ।

कूल ९३ सदस्यीय प्रदेशसभामा थापालाई विश्वासको मत पाउन ४७ मत आवश्यक पर्छ । सत्ता पक्षसँग ४७ जनामात्र प्रदेशसभा सदस्य छन् । यदि एक जनाले बैठक सञ्चालन गर्नुपर्ने अवस्था आए विश्वासको मत पुग्दैन । किनभने बैठक सञ्चालन गर्ने सदस्यले मत दिन पाउँदैनन् । यसअघि सभामुख पदमा बहाल रहेकै अवस्थामा प्रदेशसभा सभामुख बाबुराम गौतमको हस्ताक्षरमा कांग्रेसका थापा मुख्यमन्त्री बनेका थिए । तर, सर्वोच्च अदालतले सभामुख पद निष्पक्ष हुनुपर्ने भन्दै मुख्यमन्त्री नियुक्ति बदर गर्ने आदेश दिएको थियो । त्यसपछि सभामुख गौतमले राजीनामा दिएपछि थापा मुख्यमन्त्री नियुक्त भएका थिए । संविधानअनुसार मुख्यमन्त्री नियुक्त भएको ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने हुन्छ ।

एमाले संसदीय दलका नेता राम राना मगरले आफ्नो दलले मुख्यमन्त्री थापालाई विश्वासको मत नदिने प्रस्ट पारे । आफूहरू सरकार जतिसक्दो छिटो ढलोस् भन्नेमा रहेको उनले बताए ।

नेपाली कांग्रेस संसदीय दलका सचेतक भूपेन्द्र राईले भने विश्वासको मत पाउनेमा ढुक्क रहेको बताए । 'मुख्यमन्त्रीले विश्वासको मत लिने सूचना दर्ता गरेपछि भोलिको समय पाउनुभयो । तर, एमाले र राप्रपाका गरी ८ जनाले संसद् बैठकमा सहभागी हुन नसक्ने भनेर सूचना दर्ता गराएका छन् । उपसभामुखले बैठकको अध्यक्षता नगर्ने सम्भावना देखिन्छ । हेरौं, भोलि बिहानसम्मको राजनीतिक जोड घटाउ के हुन्छ,' उनले भने, 'हामी त विश्वासको मत पाउनेमा ढुक्क छौं । हामीसँग ४७ जना सांसद छन् । यो संख्या प्रदेश संसद्को बहुमत हो ।'

## लम्बिँदै...

पृष्ठ १ बाट जारी

पार्टी (रास्वपा) का सचेतक सन्तोष परियारले जानकारी दिए । बैठकमा रास्वपाका तर्फबाट आफूले आफ्ना विमति भए सदनमै छलफल गर्न र संसद् अवरोध अन्त्य गर्न आग्रह गरेको उनले बताए ।

बैठकमा सत्तापक्षबाट नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र तथा प्रमुख प्रतिपक्षी दलबाट नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका सचेतकलगायत सहभागी थिए । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सुन तस्करी प्रकरणको छानबिन गर्न उच्चस्तरीय समिति बनाउनुपर्ने माग गर्दै आएको छ भने सत्तारुढ दलहरू त्यस विषयमा सहमत हुन नसक्दा संसद् सञ्चालन हुन सकेको छैन ।

**सर्वदलीय बैठक पनि निष्कर्षविहीन**

सदनको अवरोध खुलाउनेलगायतका विषयमा छलफल गर्न प्रधानमन्त्री पुष्पकमल दाहालको आह्वानमा आइतबार नै राष्ट्रिय मान्यता प्राप्त दलहरूको बैठक बस्यो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बसेको बैठक विनानिष्कर्ष आज सोमबार पुनः बस्नेगरी स्थगित भयो । बैठकमा विभिन्न विकल्पबारे छलफल भए पनि सहमति हुन नसकेको बैठकमा सहभागी नेताहरूले बताएका छन् ।

बैठकमा सत्तापक्षले तत्काल सदनको अवरोध खुलाएर छलफल हुने वातावरण बनाउन आग्रह गरेको थियो । तर, प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले सुन तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने आफ्नो अडान कायमै राखेपछि सहमति हुन सकेन ।

बैठकमा प्रधानमन्त्री दाहालले नेपाल प्रहरीले गरिरहेको अनुसन्धानलाई विश्वास गर्न आग्रह गर्दै त्यसका आधारमा सदनमा अवरोध भइरहनु देश र जनताको पक्षमा नभएको बताएका थिए । उनले राज्यका निकायले गर्ने काममा सबैले साथ र सहयोग गर्नुपर्ने र त्यसलाई प्रभावित पार्ने गरी कुनै पनि अर्को समिति तत्काल आवश्यक नपर्ने बताएका थिए ।

एमाले संसदीय दलका प्रमुख सचेतक पदम गिरीले उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने आफूहरूको माग कायमै रहेको बताए । उनले सदनको अवरोध खुलाउन आफूहरू तयार भए पनि सरकारको तर्फबाट ल्याउने कार्यसूची अगाडि बढाउन भने तयार नरहेको संकेत गरे । प्रमुख सचेतक गिरीले सुन तस्करी प्रकरणमा आफ्नो पार्टीका नेता तथा कार्यकर्ता जोडिएको भए पनि कारबाहीको दायरामा आउनुपर्ने प्रतिक्रिया दिए ।

गत साउन ३ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिएको सुन राजस्व अनुसन्धान विभागले सिनामंगलबाट बरामद गरेको थियो । उक्त सुन प्रकरणको छानबिनका लागि उच्चस्तरीय समितिको माग गर्दै गत साउन १० गतेदेखि एमालेले लगातार सदनको कारबाहीमा अवरोध गर्दै आएको छ ।

**राष्ट्रपतिले आह्वान गरे सर्वदलीय बैठक**

राष्ट्रपति रामचन्द्र पौडेलले सर्वदलीय बैठक बोलाएका छन् । राष्ट्रपति पौडेलले भोलि मंगलबार बिहान साढे ८ बजेको निम्ति बैठक बोलाएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

बैठक राष्ट्रपति भवन शीतलनिवासमा बस्नेछ । राष्ट्रपति निर्वाचित भएपछि पौडेलले सबै राजनीतिक दलका नेताहरूको पहिलोपटक बैठक राखेका हुन् । संसद्को जारी गतिरोध अन्त्य गर्न राष्ट्रपति पौडेलले संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दललाई मंगलबार बिहान साढे ८ बजे शीतलनिवास बोलाएको प्रेस सल्लाहकार पोखरेलले बताए ।

## कमला मुर्मु...

पृष्ठ १ बाट जारी

भ्वाइस मेसेजबाट आएको खबरलाई उद्धृत गर्दै पीडितकी आमा लखीले भनिन्, 'चाउचाउ र कहिलेकाहीँ रोटी आधापेट खान दिन्छन् । काममा जान आनाकानी गर्‍यो भने पिट्छन् । घरमा सम्पर्क गर्नसमेत दिँदैनन् ।'

बन्धक बनेकी कमलाले भ्वाइस मेसेजमार्फत आफ्नो उद्धार नभए गिरोहले मार्ने त्रास रहेको जनाउँदै आएको उनकी आमा लखीले बताइन् । कमलाले खान नदिने मात्र नभएर चिसो भुइँमा सुत्न बाध्य पारेको र चर्को श्रम शोषण गरिरहेको बताउने गरेकी छन् ।

'दिउँसो कामका बेला सम्पर्क हुने सम्भावना हुँदैन,' लखीले बन्धक बनेकी छोरीको त्रासदीपूर्ण अवस्था सुनाउँदै भनिन्, 'गिरोहका मान्छेहरू सुतेको मौका छोपेर घरको चार तलामाथि लुकेर मोबाइलबाट सानो स्वरमा भ्वाइस मेसेज पठाएको भन्छिन् । यो थाहा पाए भने मार्छन् भन्ने डर छ ।' गिरोहले गाडीमा ओसारेर विभिन्न घर र कम्पनीमा लगेर काम लगाउने र ल्याउने गर्दै आएको कमलाकी आमा लखीले बताइन् । बाहिरी संसारमा कसैसँग सम्पर्क गर्ने सम्भावना नभएकोसमेत उनले बताइन् ।

पीडित परिवारका तर्फबाट इलाका प्रहरी कार्यालय, वडा कार्यालय, नगरपालिका र माइती नेपाललगायतका उद्धार संस्थामा घटनाको जानकारी गराइसकेको धेरै समय बितेको छ । ती निकायले समेत उद्धारका लागि चासो नदेखाएको परिवारको गुनासो छ ।

गत वर्ष परिवारले नै एजेन्टलाई इलाका प्रहरी कार्यालय बिर्तामोडमा ल्याएर छलफल चलाएको थियो । त्यसबेला इटहरीका गोविन्द कट्टेल स्वदेश फर्काउने प्रतिबद्धता जनाएर फुत्किएका थिए । अहिले कट्टेल र खरेल दुवै सम्पर्कमा आउन चाहेका छैनन् ।

समुन्नत नेपालकी अध्यक्ष कोपिला बस्नेतले कमलाको शीघ्र उद्धारका लागि कतैबाट पहल नभएपछि पीडितकी आमा लखी आफ्नो सम्पर्कमा आएको बताइन् । 'गरिब र आदिवासी समुदायको व्यक्ति भएकाले कसैले आफ्नो कुरा नसुनेको उनको गुनासो थियो,' अधिवक्तासमेत रहेकी बस्नेतले भनिन्, 'कमला मुर्मु बिरानो मुलुकमा बन्धक अवस्थामा हुनुहुन्छ । सरकारी र प्रशासनिक क्षेत्रबाट उहाँलाई छिटो उद्धारको प्रयास गर्न आग्रह गर्दछु ।'

मुर्मु परिवारको छिमेकी संगीता प्रसाईं वंशलले उद्धारका लागि अनुरोध गरेर प्रहरी, प्रशासन र नेतासमक्ष धेरै धाइसक्दा कुनै परिणाम नआएको दुःखेसो पोखिन् । 'संघीय संसद्की उपसभामुख इन्दिरा राना र कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाको गृहनगरसमेत यही अर्जुनधारा हो,' उनले भनिन्, 'अब उहाँहरूसँग मात्र भेट्न बाँकी छ ।' *रासस*


**बुढाथोकी एग्रो फेमली फार्म प्रा. लि. द्वारा प्रस्तावित एग्रोफार्मको**

**प्रारम्भिक वातावरणीय परीक्षणको सार्बजनिक सुनुवाई सम्बन्धी सूचना**

प्रकाशित मिति: २०८०/०५/०४

काभ्रेपलाञ्चोक जिल्ला भुम्लु नगरपालिका वडा नं.९ मा बुढाथोकी एग्रो फेमली फार्म प्रा. लि. द्वारा प्रस्तावित एग्रोफार्मको निर्माण तथा सञ्चालनको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने सिलसिलामा उक्त गाउँपालिकाका बासिन्दा, जनसमुदायसाथै सम्पूर्ण सबै सरोकार वालाहरुलाई निम्न मिति, स्थान र समयमा हुने सार्बजनिक सुनुवाई कार्यक्रममा उपस्थित भइ राय सुभाब दिन हुन सबैमा हार्दिक अनुरोध गरिन्छ ।

| सार्वजनिक सुनुवाइ हुने मिति, स्थान र समय | आयोजक |
|---|---|
| मिति: २०८०/०५/०७ गते<br>स्थान: भुम्लु गाउँपालिका, वडा नं.९, ज्याम्दी<br>समय: बिहान १०:०० बजे | बुढाथोकी एग्रो फेमली फार्म प्रा.लि.<br>भुम्लु गाउँपालिका, वडा नं.९,<br>ज्याम्दी |



**पुनर्वास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पुनर्वास, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०८०/०५/०४)**

यस कार्यालयबाट मिति २०८०/०४/०३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक र यस कार्यालयको वेवसाइटमा प्रकाशित आ.व. ०८०/८१ मा बिज्ञापन एजेन्सी/फर्महरुबाट पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धि प्रस्ताव पेश गर्ने बारे सूचना अनुसार रितपुर्वक दर्ता भएका प्रस्तावहरु मध्ये तपसिलका बिज्ञापन एजेन्सीले पेश गरेको छुट सम्बन्धि प्रस्ताव न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भएकाले सम्बन्धित सबै प्रस्तावदाताहरुको जानकारीका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :-**

| ठेक्काको नाम | प्रस्तावदाताको नाम | प्रस्तावदाताले कबोल गरेको रकम (मु.अ.कर बाहेक) |
|---|---|---|
| आ.व. ०८०/८१ मा बिज्ञापन एजेन्सी/फर्महरुबाट पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धि प्रस्ताव पेश गर्ने बारे सूचना | श्री जोइन मिडिया हाउस प्रा.लि., काठमाडौं | ९८/- प्रति सिसि |



**पुनर्वास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पुनर्वास, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**सूचना सूचना सूचना**

**(प्रथम पटक प्रकासित मिति २०८०।०५।०३)**

प्रस्तुत बिषयमा यस नगरपालिकामा गत आ. व. देखि नै पुनर्वास नगरपालिका भित्र रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको व्यवस्थापनका लागी जग्गा नापजाच भई बाँकी रहेको जग्गाको नापजाच गर्नुपर्ने भएकोले मिति २०८०।०४।०३ गते प्रकाशित सूचना अनुसार समय सिमाभित्र यस नगरपालिकामा सुचिकृत भएका फर्महरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र दररेट पेश गर्नहुन अनुरोध छ ।



## याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड को

## साधारणसभा मार्फत सञ्चालक निर्वाचन कार्यक्रमको सूचना

याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड को सञ्चालक समितिमा संस्थापक समुह तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरुको निर्वाचन प्रयोजनको लागि निम्न बमोजिमको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ :-

| क्र. स. | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १. | मतदाता नामावली प्रकाशन | २०८०/०५/०५ | २०८०/०५/०५ | १:०० | १:०० | निर्वाचन अधिकृतको कार्यालय | |
| २ | मतदाता नामावलीमा दावी विरोध | ,, | ,, | ४:०० | ५:०० | ,, | |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन | ,, | ,, | ५:०० | - | ,, | |
| ४ | उम्मेदवारको मनोनयन पत्र दर्ता | २०८०/०५/०६ | २०८०/५/०६ | १:०० | ३:०० | ,, | |
| ५ | मनोनयनको पत्र दर्ता भएका उम्मेदवारहरुको नामावली प्रकाशन | ,, | ,, | ५:०० | - | ,, | |
| ६ | उम्मेदवारको विरोधमा उजुरी | २०८०/०५/०७ | २०८०/५/०७ | ११:०० | १:०० | ,, | |
| ७ | मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय | ,, | ,, | ३:०० | ४:०० | ,, | |
| ८ | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | ,, | ,, | ५:०० | - | ,, | |
| ९ | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | २०८०/०५/०८ | २०८०/०५/०८ | ११:०० | १:०० | ,, | |
| १० | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | ,, | ,, | ५:०० | | ,, | |
| ११ | मतदान गर्ने | २०८०/०५/०८ | - | - | | | |
| १२ | मतगणना गर्ने | ,, | | | | | |
| १३ | निर्वाचन परिणाम प्रकाशन तथा घोषणा । | ,, | | | | | |

**प्रमुख निर्वाचन अधिकृत**



# Invitation for Bids
# Shivanath Rural Municipality
## Office of the Rural Municipal Executive
**Shivanath, Baitadi**

## INVITATION FOR THE BIDS

***Date of publication: August 21th, 2023 (2080/05/04)***

1. ***Shivanath Rural Municipality, Office of the Rural Municipal Executive*** invites sealed bids from eligible bidders for the Construction of Various Project mentioned below under National Competitive Bidding.

| S.N. | Contract Identification Number | Description of Work | Total Project Cost Excluding VAT (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 01/SRMUN/ WORKS/2080/081 | Upgrading Works of Sullekhan Sharmali Nagarjunghat Road (Saugada Bachhala Nagarjunghat) at Ward No. 1-2-3 and 5 | 85,39,421.59 | 2,20,000/- | 3000/- | • Hard Copy Not Acceptable<br>• Last Date and Time of Bid Submission:-September 20th, 2023 (2080/06/03) 12:00 Noon<br>• Date and Time of Bid Opening: September 20th, 2023 (2080/06/03) 13:00 Hours |
| 2 | 02/SRMUN/ WORKS/2080/081 | Upgrading Works of Sullekhan Sharmali Nagarjunghat Road at Ward No. 1-2-3 and 5 | 85,38,914.34 | 2,20,000/- | 3000/- | |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Shivanath Rural Municipality Office, Sullekhan, Baitadi, ***Email: ito.shivanathmun@gmail.com***, Phone no. 9858784452 or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***

2. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: Nepal SBI Bank, Shivanath, Baitadi, Name of Office: Shivanath Rural Municipality, Office Account no.: **41895241207004** (Internal Revenue Account).The scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
3. Electronic bids must be submitted to Shivanath Rural Municipality Office, Baitadi, through PPMO's e-GP system ***www.bolpatra.gov.np/egp*** on or before12:00 Noon on 2080/06/03 (September20th, 2023).Bids received after this deadline will be rejected.
4. Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative Officer**

# मौलिक संस्कृति संरक्षणमा चुनौती

**ढोरपाटन (बागलुङ)–** आजभोलि बागलुङ बजारमा दिनदिनै एउटा अचम्मको नाच देखिन्छ । बजारको चोक-चोक र गल्लीगल्लीमा केही मान्छे बाजा बजाउँछन्, केही झ्याली पिट्छन् त केही मुखुण्डोसँगै रंगीविरंगी कपडा लगाएर नाच्छन् । नाच्ने मान्छेको अनुहार मुखुण्डोले छोपिएको हुँदा चिन्न सकिँदैन ।

यस्तो नाच हेर्नेको बजारमा भीड देखिन्छ । साउने चर्तुदर्शीदेखि सुरु भएको उक्त नाच तीजको दिनसम्म नाचिन्छ । यसलाई नेवार समुदायले 'लाखे नाच' भन्छन् । रहेक वर्ष यसै समयमा नाचिने लाखे नाच खासमा आकर्षक र अनौठा दृश्य देख्न पाइन्छ ।

'पहिले-पहिले लाखे नाच्ने र बाजा बनाउनेको संख्या पनि ठूलो हुन्थ्यो । पछिल्लो समय निकै कम भएको छ,' स्थानीय ७३ वर्षीय मुकुण्ड शाक्यले भने, 'खासगरी नेवार समुदायले नाच्ने यस नाच कहिलेबाट सुरु भएको भन्ने यकिन छैन ।' करिब ३०० वर्ष अगाडि काठमाडौं, भक्तपुर, पाटनलगायतका स्थानबाट नेवार समुदाय बागलुङमा आउँदा उतैबाट यसको प्रचलन ल्याएका भन्ने गरिएको उनले बताए । उनका अनुसार बागलुङमा नेवारबाहेक अन्य समुदायले लाखे नाच्ने गरेको पाइँदैन ।

नेवार समुदायसँग सम्बन्धित उक्त नाचलाई बागलुङ शाक्य समाजले संरक्षण गर्दै आएको शाक्यले जानकारी दिए । नाच्ने तथा बजाउने कलाकार बजारमा टिकाउन नसक्दा लाखे नाच संरक्षणमा निकै चुनौती देखिएको उनको भनाइ थियो । 'केही समय अगाडिसम्म चतुर्दशीदेखि तीजसम्म दिनदिनै बजारमा नाच देखिने गरे पनि अहिले त्यत्ति देखिदैन,' उनले भने, 'यस अवधिबाहेक विभिन्न मेला महोत्सवमा पनि नेवार समुदायले लाखे नाच प्रदर्शन गर्ने गर्छन् ।'

पछिल्लो समय युवा पुस्ताले यस नाचप्रति चासो नदिँदा संरक्षण गर्न समस्या भइरहेको शाक्यले बताए । उनले आफ्ना पाका पुर्खाले जोगाउँदै आएको संस्कृतिलाई यहाँसम्म ल्याइपुऱ्याउँदा निकै चुनौती भएको बताउँदै आफ्ना पालामा नाच्ने, बजाउने कलामा धेरै युवामा पुस्ता हुने गरेकामा अहिले नयाँ पुस्ताको सहभागिता हराउँदै गएको बताए । पुराना कला भएका व्यक्तिबाट नयाँ पुस्तालाई सिक्नका लागि शाक्य समाजले पहल गरेको भन्दै नाच संरक्षणका लागि बागलुङ नगरपालिकालाई आग्रह गरे पनि अहिलेसम्म कुनै सुनुवाइ नभएको शाक्यले गुनासो गरे । पुस्ता हस्तान्तरण भए लाखे नाच अझै दशकौंसम्म रहिरहने उनको भनाइ छ ।



'अहिलेसम्म शाक्य समाजले संरक्षण गर्दै आएको छ । खर्चिलो भएर होला निकै समस्या भइरहेको छ । अहिले एक/दुईजना युवा छन्, ती कतै गए भने नाच रोकिन्छ, मान्छे टिकाउन गाह्रो भयो, नगरपालिकासँग सहयोग माग्यौं तर भएन,' शाक्यले भने, 'लाखे नाचको चार ताल हुन्छ, एउटा ताल लोप भइसक्यो, अहिले तीन तालमा मात्रै नाचिन्छ । अब क्रमैसँग ताल लोप हुँदै जान थालेका छन्, अन्य ठाउँको भन्दै बागलुङको नाच निकै उत्कृष्ट छ । यहाँको जस्तो मुकुण्डो कतै पनि लगाइँदैन । अबको मुख्य समस्या भनेको बजाउने र नाच्ने मान्छेकै अभाव हो ।'

स्थानीय लालचन्द्र राजभण्डारीले नयाँ पुस्ताले चासो नदिँदा लाखे नाच लोपोन्मुख अवस्थामा पुगेको गुनासो गरे । तीन/चार सय वर्षभन्दा अगाडिदेखि नाच्दै आएको अनुमान गरिए पनि यसको सुरु कहिले भएको भन्ने यकीन नभएको उनको भनाइ थियो । नेवार समुदायमध्य पनि शाक्यहरूले लाखे नाच बढी नाच्ने प्रचलन रहेको राजभण्डारीले बताए । अहिले बजारमा नाचिने लाखे पहिलेको तुलनामा निकै कमजोर भएको उनको ठम्याइ थियो ।

'पहिलेका कलाकार निकै राम्रो नाच्थे, बाजाको ताल उस्तै राम्रो हुन्थ्यो, अहिले त नाच्ने, बजाउने नयाँ सिकारु डुवा भएर होला पहिलाको जस्तो रमाइलो छैन,' राजभण्डारीले भने, 'बूढापाकाले जस्तो नाच्न र बजाउन जान्दैनन्, केही युवाले संस्कृति जगेर्ना गर्न खोजेका छन् । एक्लैको प्रयासले हुँदैन, स्थानीय सरकारले पनि कला, संस्कृति र पूरा सम्पदा संरक्षणमा ध्यान दिनुपर्छ ।'

बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले सदियौंदेखि मनाउँदै आइएका स्थानीय मौलिक कला, संस्कृति, मेला पर्व, परम्परा र वेषभूषाको संरक्षण एवं सम्वर्द्धन र प्रचारप्रसार गर्न नगरपालिकाले योजना बनाएको बताए । उनले केही समयमै नगर पर्यटन विकास समिति गठन गर्ने र त्यसमार्फत सबै संस्कृतिलाई पर्यटनसँग जोड्ने बताए ।

आगामी वर्षदेखि लोपोन्मुख अवस्थामा रहेका संस्कृति संरक्षणका लागि समुदायसँग सहकार्य गरेर तालिम तथा प्रशिक्षण दिएर नयाँ पुस्तामा हस्तान्तरण गर्ने गरी काम थालिने उपप्रमुख खड्काले बताए । 'यस नगरभित्र थुप्रै कला संस्कृति, रीतिरिवाज र परम्परा छन् । त्यसमध्ये कतिपय हराउँदै गएका छन् । हराउँदै गएका संस्कृतिलाई कसरी संरक्षण गर्न सकिन्छ, नयाँ पुस्तामा हस्तान्तरणका लागि के गर्न सकिन्छ भनेर योजना बनाउँदै छौं,' उनले भने, 'यसका लागि बजेटको व्यवस्थापन गर्ने र सबैलाई पर्यटनसँग जोड्ने नीति बनाउँदै छौं ।' पर्यटनसँग जोडेर योजना अगाडि बढाउदा यस्ता परम्परा छिट्टै लोप भएर जाने सम्भावना घट्ने उनको भनाइ थियो । *रासस*


## सूचना ! सूचना !! सूचना !!!

यस **एस.आर.ड्रग्स ल्याबोरोटोरिज प्रा.लि.** बाट उत्पादित निम्नानुसारका औषधिहरू को आ.व.२०८०/८१ को लागि बजार दररेट तथा बिक्री मूल्य निर्धारण गरी यो दररेट राष्ट्रियस्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि यी औषधिहरू कुनै संघसंस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयले खरिद गर्नु परेमा यस कम्पनीको आधिकारिक बिक्रेता **श्री सान्वी मेडिसिन सप्लायर्स** बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ ।

E-mail: saanvisms2021@gmail.com , Ph : 9824634496

### S.R. DRUG LAB PVT. LTD. PRODUCT & RATE LIST 2080/81

| S.N | BRAND NAME | Generic Name | PACK | MRP per tab / cap/phile |
|---|---|---|---|---|
| 1 | ACIDIN 150 TAB (25X10) | Ranitidine HCl 150mg | 10X25 | 2.00 |
| 2 | ACIV 200 TAB (10X5) | Acyclovir USP 200mg | 5 X10 | 11.00 |
| 3 | ACIV CREAM 5GM | Acyclovir BP 5% W/W in Cream base | 5 gm | 70.00 |
| 4 | ALIN 10 TAB (10X20) | Amitriptyline HCL IP 10mg | 10x20 | 2.40 |
| 5 | ALIN 25 TAB (10X20) | Amitriptyline HCL IP 25mg | 10x20 | 3.80 |
| 6 | AM-CLAV 625 TAB(10X10) | CO-AMOXYCLAV 625 mg TAB | 10X10 | 50.00 |
| 7 | ANGILOK 10 TAB (10X10) | Amlodipine Besylate 10mg | 10x10 | 8.00 |
| 8 | ANGILOK 2.5 TAB (10X10) | Amlodipine Besylate 2.5mg | 10x10 | 2.30 |
| 9 | ANGILOK 5 TAB (10X10) | Amlodipine Besylate 5mg | 10x10 | 5.00 |
| 10 | ANGILOK-AT TAB (10X10) | Amlodipine Besylate 5 mg + Atenolol 50 mg | 10 x 10 | 7.00 |
| 11 | ASPICARD 150 TAB (10X10) | Aspirin 150 mg | 10x10 | 2.00 |
| 12 | ASPICARD 75 TAB (10X25) | Aspirin 75 mg | 10x25 | 1.20 |
| 13 | ATOVAST 10 TAB (10X10) | Atorvastatin 10mg | 10x10 | 10.78 |
| 14 | AZIFAST 250 TAB (6X5) | Azithromycin 250mg | 6x5 | 17.45 |
| 15 | AZIFAST 500 TAB (20X5) | Azithromycin 500mg | 20 x 5 | 30.00 |
| 16 | AZIFAST DS SUSP. 15ML(200MG/5ML) | Azithromycin 200mg/5ml | 15 ml | 75.00 |
| 17 | AZIFAST SUSPENSION 15ML (100MG/5ML) | Azithromycin 100mg | 15 ml | 55.00 |
| 18 | BETAMETH-G CREAM 20GM | Betamethasone Dipropionate USP 0.64 mg & Gentamicin 1 mg | 20gm | 100.00 |
| 19 | BETATEN 50 TAB (10X10) | Atenolol 50 mg | 10x10 | 3.00 |
| 20 | BICO-Z CAP (20X10) | B-Complex Capsule with Zinc | 10X20 | 5.00 |
| 21 | BICO-Z DROPS 15ML | B-Complex drop | 15 ml | 50.00 |
| 22 | BICO-Z SYRUP 100ML | B-Complex Syrup with Zinc | 100ml | 80.00 |
| 23 | BICO-Z SYRUP 200ML | B-Complex Syrup with Zinc | 200ml | 130.00 |
| 24 | BRONCOSAL SYRUP 100ML | Salbutamol 2mg + Bromohexine HCl 5mg | 100 ml | 70.00 |
| 25 | BUFEMOL SUSPENSION 50ML | Paracetamol IP 125mg + Ibuprofen IP 100mg/5 ml Susp. | 60ml | 32.00 |
| 26 | BUFEMOL TAB (10X25) | Ibuprofen 400mg + Paracetamol 325mg | 10X25 | 2.00 |
| 27 | C-CARE 500 CHEWABLE TAB (10X10) | Vitamin C Chewable Tablet | 10x10 | 6.00 |
| 28 | CHLORFEN TAB (50X10) | Chlorpheniramine Maleate 4 mg | 10x50 | 1.20 |
| 29 | CIFLOQUIN 250 TAB (10X10) | Ciprofloxacin HCl 250mg | 10x10 | 5.00 |
| 30 | CIFLOQUIN 500 TAB (10X10) | Ciprofloxacin HCl 500mg | 10x10 | 8.00 |
| 31 | CLOBETASOL-G CREAM 20GM | Clobetasol Propionate USP-0.05 % w/w + Gentamycin Sulphate 0.1% w/w | 20gm | 110.00 |
| 32 | CLOBETASOL-N CREAM 10GM | Clobetasol Propionate USP-0.05 % w/w + Neomycin Sulphate equi to Neomycin Sulphate 0.5% w/w + Chlorocresolip 0.1% w/w Cream | 10gm | 75.00 |
| 33 | CLOMAZOLE CREAM 15GM | Clotrimazole 10 mg | 15 gm | 150.00 |
| 34 | CLOVE OIL 5ML | Clove Oil 5ml | 5 ml | 35.00 |
| 35 | CLOXIN 250 CAP (10X10) | Cloxacillin Sodium 250mg | 10x10 | 6.50 |
| 36 | CLOXIN 500 CAP (10X10) | Cloxacillin Sodium 500mg | 10x10 | 10.00 |
| 37 | COLDAREST TAB (10X25) | Anticold (Paracetamol 500mg + Chlorpheniramine Maleate 4mg + Phenylephrine HCl 10mg) | 10x25 | 3.00 |
| 38 | CONAZOL 150 CAP (1X25) | Fluconazole 150mg | 1X25 | 24.00 |
| 39 | Cordcare GEL 3 GM | Chlorhexidine Gluconate | 3 GM | 28.00 |
| 40 | Cotricide DS tab | Cotrimoxazole (Sulphamethoxazole 800mg + Trimethoprim 160mg) | 10X25 | 3.20 |
| 41 | Cotricide Susp 60ml | Cotrimoxazole (Sulphamethoxazole 200mg + Trimethoprim 40mg) | 60ml | 36.00 |
| 42 | Cotricide tab | Cotrimoxazole (Sulphamethoxazole 400mg + Trimethoprim 80mg) | 10X25 | 1.76 |
| 43 | DERMCALM LOTION 100ML | Calamine IP 15% W/v + Camphor BP 0.1 % w/s +Diphenhydramine Hydrochloride IP 1% w/v +Zinc Oxide IP 5%w/v + Denatured Spirit 2.37% v/v | 100 ml | 100.00 |
| 44 | DERMCALM LOTION 30ML | Calamine IP 15% W/v + Camphor BP 0.1 % w/s +Diphenhydramine Hydrochloride IP 1% w/v +Zinc Oxide IP 5%w/v + Denatured Spirit 2.37% v/v | 30 ml | 55.00 |
| 45 | DERMCALM LOTION 60ML | Calamine IP 15% W/v + Camphor BP 0.1 % w/s +Diphenhydramine Hydrochloride IP 1% w/v +Zinc Oxide IP 5%w/v + Denatured Spirit 2.37% v/v | 60 ml | 70.00 |
| 46 | DICFEN GEL 30GM | Diclofenac Diethylamine 1% w/w | 30 gram | 150.00 |
| 47 | DICFEN TAB (25X10) | Diclofenac Sodium 50mg | 10X25 | 3.00 |
| 48 | FENAC 100 TAB (10X25) | Aceclofenac BP 100 mg | 10X25 | 4.50 |
| 49 | FOLIUM TAB (25X10) | Folic Acid | 25X10 | |
| 50 | FRUSEM TAB (10X10) | Frusemide 40 mg | 10X10 | 1.00 |
| 51 | GERMIDINE SOLUTION 450 ML | Povidone Iodine | 450 ml | 350.00 |
| 52 | GERMIDINE SOLUTION 500 ML | Povidone Iodine | 500 ml | 350.00 |
| 53 | GLIMEP 1 TAB (10X10) | Glimepiride 1mg | 10x10 | 5.30 |
| 54 | GLIMEP 2 TAB (10X10) | Glimepiride 2mg | 10x10 | 8.60 |
| 55 | HEMAMET TAB (25X10) | Ferrous Sulphate IP 200mg eq. to Elemental Iron 60 mg and Folic Acid IP 0.04mg | 10x25 | 3.00 |
| 56 | HEMATIN CAP (10X3x5) | Folic Acid 0.55mg + Iron(III) Polymaltose 100mg | 10x3x5 | 8.00 |
| 57 | HEMATIN SYRUP 150ML | Folic Acid 0.55mg + Iron(III) Polymaltose 60mg | 150 ml | 145.00 |
| 58 | HYOMIDE 10 TAB (10X10) | Hyoscine Butyl Bromide 10mg | 10x10 | 17.00 |
| 59 | IBUSAR 200 TAB (25X10) | Ibuprofen 200mg | 10X25 | 0.80 |
| 60 | IBUSAR 400 TAB (25X10) | Ibuprofen 400 mg | 10X25 | 2.00 |
| 61 | IBUSAR 600 TAB (25X10) | Ibuprofen 600mg | 10X25 | 2.20 |
| 62 | INDO 25 CAP (10X10) | Indomethacin 25 mg | 10x10 | 6.00 |
| 63 | INDO 50 CAP (10X10) | Indomethacin 80 mg | 10x10 | 8.00 |
| 64 | INDO SR CAP (10X10) | Indomethacin 75mg SR | 10x10 | 17.00 |
| 65 | MEGACEF 100 DT TAB(10X10) | Cefixime 100mg | 10X10 | 18.00 |
| 66 | MEGACEF 200 DT TAB (10X10) | Cefixime200mg | 10X10 | 20.00 |
| 67 | MEGACEF DRY SYRUP 30ML | Cefixime 100mg | 30ml | 64.00 |
| 68 | META-H 1000SR TAB (10X10) | Metformin Hydrochloride 1000mg | 10x10 | 6.00 |
| 69 | META-H 500 TAB (10X25) | Metformin Hydrochloride 500mg | 10x25 | 2.00 |
| 70 | META-H 850 TAB (10X10) | Metformin Hydrochloride 850mg | 10x10 | 3.50 |
| 71 | METRIZ 200 TAB (25X10) | Metronidazole 200mg | 10X25 | 1.00 |
| 72 | METRIZ 400 TAB (10X25) | Metronidazole 400mg | 10X25 | 3.50 |
| 73 | METRIZ DF SUSPENSION 60ML | Metronidazole IP 100mg + Diloxanide Furoate IP 125mg/5ml | 60ml | 55.00 |
| 74 | METRIZ DF TAB (10X25) | Metronidazole 400mg + Diloxanide Furoate 500mg | 10X25 | 6.00 |
| 75 | METRIZ SUSPENSION 60ML | Metronidazole IP 100mg/5ml Susp. | 60ml | 60.00 |
| 76 | MUCOSAL 4 TAB (20X10) | Salbutamol 4mg | 10X20 | 2.00 |
| 77 | MUCOSAL SYRUP 100ML | Salbutamol 2 mg/5ml | 100 ML | 55.00 |
| 78 | MYCLOX 500 CAP (10X10) | Amoxycillin 250mg + Cloxacillin 250mg | 10x10 | 12.00 |
| 79 | MYMOX 125 DT TAB (10X10) | Amoxycillin 125mg DT | 10x10 | 3.50 |
| 80 | MYMOX 250 CAP (10X10) | Amoxycillin 250mg | 10x10 | 5.00 |
| 81 | Mymox 250 DT | Amoxycillin 250mg DT | 10x10 | 5.00 |
| 82 | MYMOX 500 CAP (20X10) | Amoxycillin 500 mg | 10X20 | 8.00 |
| 83 | MYMOX DROPS 10ML | Amoxycillin 100mg | 10ml | 40.00 |
| 84 | MYMOX DRY SYRUP 60ML | Amoxycillin 125mg | 60ml | 85.00 |
| 85 | MYMOX DRY SYRUP 90ML | Amoxycillin 125 mg | 90 ml | 125.00 |
| 86 | NILE TAB (25X10) | Nimesulide 100mg | 10X25 | 3.00 |
| 87 | OMOCID 20 CAP (20X10) | Omeprazole 20mg | 10X20 | 4.00 |
| 88 | P-40 TAB (20X10) | Pantoprazole 40mg | 10X20 | 8.00 |
| 89 | PHENOCET SUSPENSION 60ML | Paracetamol 125mg | 60ml | 30.00 |
| 90 | PHENOCET TAB (50X10) | Paracetamol 500mg | 10x50 | 1.00 |
| 91 | PROMETH 25 TAB(10X10) | Promethazine HCl IP 25mg | 10x10 | 5.00 |
| 92 | RECTIFIED SPIRIT 450ML | Rectified Spirit 450 ml | 450 ml | 300.00 |
| 93 | RIZICET SYRUP 60ML | Cetirizine HCL 5 mg | 60ml | 70.00 |
| 94 | RIZICET TAB (10X5X10) | Cetirizine HCL 10 mg | 10x5x10 | 4.00 |
| 95 | ROLISTAT 10 TAB (10X10) | Rosuvastatin 10 mg Tab | 10x10 | 17.00 |
| 96 | SALIDERM OINTMENT 30GM | Benzoic Acid IP 6% w/v + Salicylic Acid IP 3% w/v | 30 gm | 70.00 |
| 97 | SALTCARE (20.5GM) | Sodium Chloride 2.6gm + Dextrose Anhydrous 13.5gm + Potassium Chloride 1.5gm + Trisodium Citrate 2.9gm | 1 | 10.00 |
| 98 | SCADERM LOTION 100ML | Cetrimide (IP 0.1% w/v + Gamma Benzene Hexacholoride IP 1% w/v) | 100 ml | 100.00 |
| 99 | SILVADERM CREAM 15GM | Silver Sulphadiazine USP 1% w/w + Chlorhexidine Gluconate solution IP 1% v/w (equi to Chlorhexidine Gluconate 0.2%) Cream base QS. | 15gm | 50.00 |
| 100 | SILZINE CREAM 25GM | Silver Sulphadizine USP 1%W/W | 25gm | 100.00 |
| 101 | SR DOX CAP (10X10) | Doxycycline HCI 100mg | 10x10 | 6.00 |
| 102 | TRANAREST 500 TAB (10X10) | Tranexamic Acid 500 mg | 10 x 10 | 24.00 |
| 103 | TUPEN 500 CAP (10X10) | Ampicillin Trihydrate 250mg + Cloxacillin Sodium 250mg | 10x10 | 12.00 |
| 104 | VITACAL TAB (10X25) | Calcium Carbonate 500mg + Vitamin D3 250 IU | 10X25 | 5.00 |
| 105 | WELVIT TAB(10X10) | Thiamine Mononitrate IP 5mg + Riboflavin IP 5mg +Pyridoxine HCL 1.5mg + Nicotinamide 50mg + Calcium Pantothenate 10mg (Vitamin B complex Tablest) | 10X10 | 3.00 |
| 106 | WORMLOC SUSPENSION 10ML | Albendazole 400mg | 10ml | 18.00 |
| 107 | WORMLOC TAB (1X50) | Albendazole 400mg (Chewable Tablet) | 1X50 | 10.00 |
| 108 | ZENOSAR 200 TAB (10X10) | Ofloxacin 200mg | 10x10 | 7.00 |
| 109 | ZENOSAR 400 TAB (10X10) | Ofloxacin 400mg | 10x10 | 8.00 |
| 110 | ZINCAMINE 10 DT (25X10) | Zinc Glucomate USP eq. to Zinc 10 mg Tab | 10x25 | 3.00 |
| 111 | ZINCAMINE 20 DT (25X10) | Zinc Glucomate USP eq. to Zinc 20 mg Tab | 10x25 | 4.00 |
| 112 | ZOLENTA 1000 TAB (10X10) | Tinidazole 1000mg | 10x10 | 8.00 |
| 113 | ZOLENTA 500 TAB (10X10) | Tinidazole 500mg | 10x10 | 5.00 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### कमला मुर्मुको तत्काल उद्धार गर

**मुलुकमा रोजगारीको अवसर नहुँदा युवाहरू वैदेशिक रोजगारीमा जान बाध्य छन् । यही बाध्यताको फाइदा उठाउँदै आएका छन् मानव तस्करहरूले । उनीहरूले सोझा युवायुवतीलाई आकर्षक रोजगारीको प्रलोभनमा विभिन्न मुलुक पुऱ्याएर अलपत्र पार्ने, फसाउने कार्य गर्दै आएका छन् । महिलाहरू अझ बढी यस्तो समस्यामा पर्ने गरेका छन् । यस्तै समस्यामा परेकी छन् झापाको अर्जुनधारा नगरपालिका–६ की ३० वर्षीया कमला मुर्मु । उनी  तीन वर्षदेखि इराकमा अज्ञात गिरोहको बन्धक बनेको समाचार बाहिर आएको छ । उनकी आमा लखी मुर्मुले कमलाको उद्धार गरिदिन भन्दै अपिल गरेपछि यो घटना बाहिर आएको हो ।**

**तीन वर्षअघि २०७७ भदौ १० गते वैदेशिक रोजगारीका क्रममा ओमान लाने भनेर कमलालाई मानव तस्करले इराक पुऱ्याएर बेचेको उनकी आमाको भनाइ छ । ओमान लाने भनेर इराक पुऱ्याउनु नै अपराध हो । यसरी मानव तस्करको फन्दामा परेकी कमला चाँडोभन्दा चाँडो उद्धारको पर्खाइमा छिन् । तर, उनी इराकको कु ठाउँमा छिन् भन्ने नै टुंगो लागेको छैन । कमलाकी आमा छोरीको उद्धारका लागि हारगुहार गरिरहेकी छन् । यता सरकारी निकायहरू भने यस विषयमा बेखबरजस्तै देखिएका छन् । कमलाको उद्धारमा अहिलेसम्म कुनै पनि सरकारी निकायले कुनै पनि कदम चालेका छैनन् । यो सुन्दा कसको ध्यानाकर्षण हुँदैन होला ।**

**तीन वर्षदेखि बन्धक अवस्थामा रहेकी कमलाको उद्धारमा सरकारी निकायबाट कुनै प्रयास हुन नसक्नु अत्यन्त दुःखद विषय हो । दोहोरो सम्पर्क हुन नसकेका कारण कमलालाई इराकको कुन सहरमा बन्धक बनाइएको हो भन्नेबारेमा प्रस्ट हुन सकेको छैन । बन्धक बनेकी कमलाले भ्वाइस मेसेजमार्फत आफ्नो उद्धार नभए गिरोहले मार्ने त्रास रहेको जनाउँदै आएको उनकी आमा लखीले बताइन् । कमलाले खान नदिने मात्र नभएर चिसो भुइँमा सुत्न बाध्य पारेको र चर्को श्रम शोषण गरिरहेको बताउने गरेकी छन् । गिरोहले गाडीमा ओसारेर विभिन्न घर र कम्पनीमा लगेर काम लगाउने र ल्याउने गर्दै आएको कमलाकी आमा लखीले बताइन् । बाहिरी संसारमा कसैसँग सम्पर्क गर्ने सम्भावना नभएकोले उनको अवस्था संकटमा गुज्रिरहेको प्रस्ट हुन्छ ।**

**सरकारले कमला मुर्मुको तत्काल उद्धारका सम्बन्धित निकायहरूलाई परिचालन गरोस् । कमलालाई उद्धारका साथै उनलाई पीडित बनाउने व्यक्तिहरूलाई कारबाहीको दायरामा ल्याउन जरुरी छ । कमला मात्रै होइन, उनीजस्ता धेरैले विदेशी भूमिमा समस्या बेहोर्नुपरिरहेको छ । यसतर्फ सरकारको ध्यान तत्काल जाओस् ।**

## मननयोग्य

### चाणक्य नीति

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा होस् स्वाभाविक हो महात्मा !'

होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन। शोक अर्काका लागि उपहास बन्छ हर्ष आफ्ना लागि पीडादायक हुन्छ । अतः पत्थर (ढुंगा जस्तै कठोर तिमीले बन्नुपर्छ ।

म तिमीलाई भोलि मगधको राजासिंहासनमा आसीन गराउन चाहन्छु राज्यको रक्षाका लागि हृदय, बुद्धि र हातहरूमा बल ल्याउनुपर्छ ।'

'हेर राजाले सर्पसँग खेल्नुपर्छ । राजधर्म अत्यन्तै कठोर धर्म हो, राजाले मृत्युपछि मात्र कीर्ति पाउँछ जो राजर्षि बनी देशको सेवा गर्छ उसले गिद्धको जस्तो दृष्टि, सिंहको जस्तो साहस, इन्द्रियमा अनुशासन, रहस्य लुकाउने क्षमताजस्ता गुणहरू आफूमा सुरक्षित राख्नु आवश्यक पर्छ । राजाले बूढापाकासँगको सम्पर्कले आफ्नो आँखा खोल्न सक्नुपर्छ ।

आज राति तिमी सुत्ने छैनौ बिहानसम्म मेरा अर्थशास्त्रबाट राज्यव्यवहारको पाठ तिमीले सिक्नुपर्दछ ।'

एउटा अर्को कुरामा अरू ध्यान देऊ, राज्य पाउनु त्यति कठिन होइन जति त्यसको सुरक्षा गर्नु । राज-रस महजस्तो गुलियो र स्वादिलो हुँदैन विषपान गर्नु बराबर हो ! जुन शासकले विषपान गरी अमृत ओकल्दछ त्यहीं राजाने राज्यको सञ्चालन राम्ररी गर्न सक्छ ।

०००

चाणक्य र चन्द्रगुप्तको बीच गोप्य कुरा भइरहेथ्यो । यत्तिकैमा कसैको आउने सूचनाको घन्टी बज्यो । चाणक्य सतर्क भए । विशेष यन्त्रले प्रमुख प्रहरीसँग आउन लागेको मानिस को रहेछ सोधेँ । प्रहरीले कुनै सिकारी आफ्नो नाउ वनराज भन्ने बताउँछ भन्यो । पानी खतराबाट माथि छ, चाणक्यले सम्मानसहित लिएर आऊ भनी अह्राए । आउने व्यक्ति चाणक्यद्वारा प्रमुख गुप्तचर त्रिनेत्र थिए ।

चाणक्यले उनलाई हेर्दै भने- 'भन त्रिनेत्र ! मगधका नागरिकको के प्रतिक्रिया छ ।' सम्मानपूर्वक शिर निहुराई त्रिनेत्रले भने-'पूज्यवर प्रजा चारैतिर परस्पर विरोधी कुरा गर्दछन् ।' राजदरबारबाट निर्णय नै नभई नन्दको वधका कारण विद्रोहले थाहा भएन कहाँबाट यो उब्ज्यो, जसले विरोधको आगोलाई बढाइरहेको छ ।

क्रमशः

# नेपाली सेनालाई माया र सम्मान



▶▶ सनत गिरी

> सेना त हाम्रो आस्था, विश्वास र स्वाभिमान पो हो त ! सेनाको सकल दर्जालाई चोट पर्ने गरी कुनै किसिमको अनावश्यक टिप्पणी गर्न पाइँदैन, हुँदैन । अहिले जसलाई जे बोल्न पनि छुट छ । सांसदहरु जथाभावी बोलिरहेका छन् । कसलाई कुन कुरा बोल्नुपर्छ, कुन कुरा बोल्नु हुन्न भन्ने थाहा छैन । नेपाल र नेपालीको गौरवको रूपमा रहेको राष्ट्रिय सेनालाई होच्याउने काम अब आइन्दा कुनै पनि सांसदले बोलेको हामीजस्ता स्वाभिमानी नेपालीलाई सह्य हुने छैन ।

यतिबेला देशको राजनीतिमा तीव्र ध्रुवीकरण देखिएको छ । यही बेला राष्ट्रियतामाथि चोट परिरहेको महसुस हुँदै छ । यहीबेला देशमा राजनीतिक विकल्प दिन्छु भनेर आएको रवी लामिछाने नेतृत्वको पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र देशको राष्ट्रवादी एवं सर्वहाराको पार्टी भन्ने नेकपा एमालेका सांसदले देशमा सेनाको संख्या घटाउनुपर्छ भनेर बोलिरहेका छन् । किन सेनाको संख्या घटाउने र किन सेनालाई अपमान गर्ने ?

सदनमा अरु उठाउने कुनै विषय नपाएर चर्चामा आउने रहरमा ती पार्टीका सांसदले सेनाको संख्या घटाउनुपर्छ भनेर बोलिरहेका छन् । राष्ट्रिय सेनामाथि चोट पर्ने गरी बोल्ने सांसदमाथि एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीले कारबाही गर्नुपर्छ । यो विषय पुरानै भए पनि आइन्दा यस्तो कुरामा सांसदहरू नबोलुन् भनेर मैले सजग गराउन खोजेको हुँ ।

मेरो विचारमा अहिले नेपालमा जति सेना छन्, त्यो अझ अपुग छ । एक घर एक सेनाको सिद्धान्त अवलम्बन गर्नुपर्छ, राजनीतिबाहेक, विकास निर्माण, सुरक्षा सबैतिर सेनाको सहभागिता गराउनुपर्छ । के वडामहाराजधिराज पृथ्वीनारायण शाहले सेनाकै साथ, सहयोग र सहभागितामा नेपाल एकीकरण गर्नुभएको होइन ? सेनाको साथ थिएन भने नेपाल एकीकरण सम्भव थिएन । सेनाको संख्या घटाउनुपर्छ भन्ने बुझेका, सुनेका र पढेका सांसदलाई थाहा छैन वा बुझ पचाएका हुन् ।

कुनै पनि ठाउँमा हामी हिँड्दा एउटा सैनिक सिपाही आयो भने हामी हाम्रो सेवक आयो भनेर हर्षित हुन्छौं । सेनाका प्रधानसेनापतिदेखि सिपाहीसम्मका व्यवहार हामीले हेर्‍यौं भने साँच्चै देश र जनताको असली सेवकको रूपमा पाउँछौं । नेपाली सेनाको इतिहास गौरवपूर्ण छ । खासगरी देशको रक्षा गर्न, देशलाई जनतालाई आवश्यक परेको ठाउँमा पुग्न हामीले सेनाकै सहभागिता देखेका छौं ।

राष्ट्रिय सेनाका सिपाहीमात्र हेरौं आफू देशको सिपाही हुन पाएकोमा कति गर्व गर्छन् । स्वदेशमा मात्र होइन संयुक्त राष्ट्रसंघमासमेत नेपाली सेनाको तारिफ हुन्छ, भइरहेको छ । विभिन्न देशबाट सुरक्षाका लागि माग बढिरहेको छ । नेपाली सेना इमान्दार छन्, खटाएका ठाउँमा बफादार छन् । के नेपालमा सेना घटाउनुपर्छ भनेर बोल्ने सांसदलाई यति कुरा पनि थाहा छैन ? अबदेखि देशकै अपमान हुनेगरी सेनाको बारेमा नबोलिदिनुहोला ।

त्यसो त सेनाको सेवा भावनाबाहेक अरु स्वार्थ हुँदैन । राज्यले दिएको तलबमा सन्तुष्ट हुन्छन् । केही विषयमाबाहेक नेपाली सेना कहिल्यै विवादित भएन । विवादित हुने छैन भन्ने हामीलाई विश्वास छ । यदि सेनालाई विकास निर्माणको पूर्णजिम्मेवारी दिने हो भने कतैबाट भ्रष्टाचार हुँदैन, पारदर्शीरूपमा आयोजनाहरू सम्पन्न हुन्छन् । त्यसैगरी सेनाको संख्या अरु तीन-चार लाख थप्नुपर्छ । यसो भयो भने देशका होनाहार युवा विदेशिन कम हुँदै जानेछ । सेनाको संख्या जनसंख्याको आधारमा १० प्रतिशत पुऱ्याउनुपर्छ । जतिबेला देशमा संकट आउँछ, राष्ट्रियतामा खतरा पर्छ, स्वाभिमान कुण्ठित हुन्छ । त्यस्तो बेला नेपाली सेना अग्रसर हुनुपर्छ अग्रसर गराइनुपर्छ । नेपाली सेना इमान्दारिता, नैतिकवान र बफादारिताको हिसाबले तारिफयोग्य छ । सेना एउटा स्वतन्त्र देशको ढुकढुकी भने पनि हुन्छ । यस्तो सेनालाई कुनै पनि किसिमबाट अपमानित गर्न पाइँदैन, ठेस पुग्ने हिसाबले बोल्न पाइँदैन ।

त्यसो त तत्कालीन अवस्थामा सेनाको श्री ५ (राजा) परमसेनाधिपति थिए । सम्पूर्ण सेना राजाप्रति बफादार थिए । तर, अहिले जनचाहनाअनुसार देशमा परिवर्तन भए पनि संविधान, देशको नियम कानुनलाई सम्पूर्ण सैनिक शक्तिले मानेको छ । सरकारले खटाएको ठाउँमा सेनाले बफादार रूपमा काम गरिरहेको हामीले देखिरहेकै छौं । देश र जनताप्रति माया भएकाहरू सेनामा छन् । सेनाको बफादारितालाई तारिफ गर्नुपर्छ । गर्व गर्नुपर्छ ।

देशमा घटित काण्डैकाण्डमा सरकारी संयन्त्रले आफ्नै नियम कानुनअनुसार कार्य गरिरहेका छन् । यसमा सेनाले कुनै हात हालेको छैन । त्यो अधिकार संविधान, नियम कानुनले सेनालाई दिएको पनि छैन । सेना सरकारले खटाएको ठाउँमा के बिहान, के दिउँसो, के रात अहोरात्र खटिरहेको छ । चुनावहरूमा सरकारले खटाएअनुसार सेना खटिरहेको छ । सेनालाई कुनै दल, कुनै उम्मेदवारप्रति कुनै पक्षपात छैन । राज्यको सेवकको रूपमा सेना परिचालित छ । चुनावमा को हार्लान्, को जित्लान् भन्ने कुरामा सेनाको खासै ध्यान हुँदैन तर राष्ट्रियताको सवालमा सेना झुकेको इतिहास छैन । सेनाको वीरताका अनेकौं गाथा छन् । सिपाहीदेखि प्रधानसेनापतिसम्मले देशको सेना हुन पाएकोमा गर्व गर्छन् । त्यसैले सबै देशका होनाहार युवा सेना बन्न लालायित छन्, तत्पर देखिन्छन् । त्यसो त सेनालाई कामको हिसाबले तलब पनि कम भयो । सेना अरु कर्मचारीजस्तो होइन, सेनालाई अरु सरकारी संयन्त्रभन्दा माथि राखिनुपर्छ । महँगी छ, म देशको सेवक हुँ, मलाई देश र देशभित्रको सरकारले उच्च सम्मानसाथ तलब दिइरहेको छ भन्ने गर्व हुने अवस्था बनाइनुपर्छ । त्यसो त धेरैलाई सेना (सैनिक) बन्न मन छ, तर अवसर पाइरहेका छैनन् । आफ्नै देशमा सैनिक हुन पाए किन देशका होनाहार युवा विदेश जान्थे ?

यहाँ फेरि माथिकै विषयमा केही कुरा थपौं, देशमा सेना घटाउनुपर्छ भन्ने अन्धो कानोले मात्र भन्ने हो । देशकै सुरक्षा गर्न राखिएको सैनिक जनशक्तिलाई अनावश्यक देख्नु सेनाको मात्र होइन, देशकै अपमान हो ।

सदनजस्तो राज्यको महत्त्वपूर्ण निकायबाटै सैनिक संख्या घटाउनुपर्छ भन्नेलाई देशकै बेइजती मानिनुपर्छ । नत्र भने नेपाली सेनामाथि अनावश्यक टिप्पणी गर्न अरु पनि हौसिन सक्छन् । सेनाले तलबमात्र लिइरहेका छन् कि सरकारले खटाएका ठाउँमा बसेर कार्य गरिरहेका छन् । यो पहिला बुझ्नुहोस् । सेनामाथि अनावश्यक टिप्पणी गर्ने एमाले र रास्वपाका सांसदलाई यी पार्टीले अविलम्ब सजग गराओस्, फेरि पनि सेनाको बारेमा बोलिरहे कारबाहीसमेत गरोस् ।

सेना त हाम्रो आस्था, विश्वास र स्वाभिमान पो हो त ! सेनाको सकल दर्जालाई चोट पर्ने गरी कुनै किसिमको अनावश्यक टिप्पणी गर्न पाइँदैन, हुँदैन । अहिले जसलाई जे बोल्न पनि छुट छ । सांसदहरू जथाभावी बोलिरहेका छन् । कसलाई कुन कुरा बोल्नुपर्छ, कुन कुरा बोल्नु हुन्न भन्ने थाहा छैन । जनता भोक भोकै छन् । महँगी बढिरहेको छ । देशका होनाहार युवा विदेशिरहेका छन्, मिटरब्याजीपीडित जनता घरवास छोड्नु परेर रोइराखेका छन् । काण्डै काण्डले देशको अस्तित्वमाथि संकट आउलाजस्तो भइरहेछ । यस्ता विषयमा सांसदहरू सदनमा नबोल्ने तर नेपाल र नेपालीको गौरवको रूपमा रहेको राष्ट्रिय सेनालाई होच्याउने काम अब आइन्दा कुनै पनि सांसदले बोलेको हामीजस्ता स्वाभिमानी नेपालीलाई सहच हुने छैन ।

अहिले आइरहेको तर्क नेपालजस्तो सानो देशले न भारतसँग न चीनसँग युद्ध लड्नसक्छ, त्यसैले सेना थोरै भए पनि हुन्छ भन्ने छ । हो, हामी भौगोलिक रूपमा सानो छौं । तर यस्तो तर्क गर्नेहरूले यो कुराको ख्याल गर्न जरुरी छ कुनै पनि राष्ट्रको हैसियत भूगोलको आधारमा सानो वा ठूलो हुँदैन । सार्वभौम राष्ट्र जत्रो भूगोलको होस् उसको अस्तित्व समान हुन्छ । त्यस कारण हाम्रो देश एक सार्वभौम राष्ट्र भएको नाताले अन्तर्राष्ट्रिय मञ्चमा भारत र चीनसमानको हैसियतमा छ । यो कुरा बिर्सनुहुन्न । एक सार्वभौम राष्ट्रले अर्को सार्वभौम राष्ट्रको अस्तित्व स्वीकार गर्नुपर्छ । त्यसकारण हामी भूगोलले सानो भए पनि चीन वा भारतसँगको समान हैसियतमा छौं भनेर गर्व गर्नुपर्छ ।

